गण्डकी प्रदेश सरकार
वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय नवलपुर

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

पत्र संख्या : २०८१/०८२
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

मिति : २०८२/०२/०४
ने.सं.११४५ बछलागा: पञ्चमी, आइतबार

## शिलबन्दी बोलपत्रद्वारा खयर जातको गोलिया/टुनटुक्रा काठ लिलाम बिक्री सम्बन्धीको सूचना।

(सौर्य दैनिक, प्रथम पटक प्रकाशित मिति : २०८२/०२/०३)

यस कार्यालयलाई वन मुद्दामा बरामद भई प्राप्त भएको खयर जातको स्यापउड सहितको ६२८.०५ क्यू.फिट., बेवारिसी बरामद भई प्राप्त भएको खयर जातको स्यापउड सहितको २०८२.१२ क्यू.फिट, जोखिमयूक्त रुख वयवस्यापनबाट उत्पादन भई प्राप्त भएको खयर जातको स्यापउड सहितको १२४.५३ क्यू.फिट र ना.बु.स.यो.पूर्वी खण्डबाट हस्तान्तरण भई प्राप्त भएको खयर जातको स्यापउड सहितको ५३४.०७ क्यू.फिट गरी खयर जातको कुल जम्मा स्यापउड सहित ३३६८.७७ क्यू.फिट गोलिया/टुनटुक्रा काठका कायम भएका लटहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नको लागि मिति २०८२/०२/०३ गते सौर्य दैनिक राष्ट्रिय दैनिक पत्रिकामा यो सूचना प्रथम पटक प्रकाशित गरिएको छ। गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले सौर्य दैनिक पत्रिकामा यो सूचना प्रकाशित भएको मितिले २१ औं दिनसम्म श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा; श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) र यस कार्यालयबाट बोलपत्र फाराम खरिद गरी २२ औं दिन दिनको ३.०० बजे भित्र बोलपत्र खरिद गरिएकै कार्यालयमा शिलबन्दी बोलपत्र दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

१. लिलाम हुने गोलिया/टुनटुक्रा काठको विवरण

| क्र.सं. | प्लट | घाटगद्दी स्थान | जात | किसिम | ग्रेड | थान | स्यापउड सहितको परिमाण (क्यू.फिट.) | राजश्व रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं.: ७८-२०८१/०८२ | | | | | | | | | |
| १ | वन मुद्दा (०८१-C2-०००३) | बौदीकाली गा.पा. वडा नं. १ का वडा सदस्य श्री डिल बहादुर सार्कीको जिम्मा | खयर | गोलिया | A | २३ | ५७.८८ | ५७८८०.०० | |
| | | ईलाका प्रहरी कार्यालय, डेडगाउं को जिम्मा | खयर | गोलिया | A | ३६९ | ३४८.८८ | ३४८८८०.०० | |
| | | | | | जम्मा : | ३९२ | ४०६.७६ | ४०६७६०.०० | |
| लट नं.: ७९-२०८१/०८२ | | | | | | | | | |
| २ | वन मुद्दा (०८१-C2-०००१) | बुलिङ्गटार गा.पा. वडा नं. ६ का वडा अध्यक्ष श्री मोहन राज पाठकको जिम्मा | खयर | गोलिया | A | ७५ | ४२.७१ | ४२७१०.०० | |
| | | अस्थायी प्रहरी विट, बुलिङ्गटार ६, अत्रौली | खयर | गोलिया | A | २९ | ५२.८३ | ५२८३०.०० | |
| | | | | | जम्मा : | १०४ | ९५.५४ | ९५५४०.०० | |
| लट नं.: ८०-२०८१/०८२ | | | | | | | | | |
| ३ | वन मुद्दा (०८१-C2-०००२) | बुलिङ्गटार गा.पा. वडा नं. ६ का वडा अध्यक्ष श्री मोहन राज पाठकको जिम्मा | खयर | गोलिया | A | ७८ | १२५.७५ | १२५७५३.०० | |
| | | | | | जम्मा : | ७८ | १२५.७५ | १२५७५३.०० | |



Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय नवलपुर

## नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

पत्र संख्या : २०८१/०८२
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

| क.सं. | प्लट | घाटगद्दी स्थान | जात | किसिम | ग्रेड | थान | स्यापउड सहितको परिमाण (क्यू.फिट.) | राजश्व रकम रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| लट नं.: ८१-२०८१/०८२ | | | | | | | | | |
| ४ | अत्रौली स्थित ढुंगेनि चौपारीमा वेवारिसी बरामद परेको | बुलिङ्टार गा.पा. वडा नं. ६ का वडा अध्यक्ष श्री मोहन राज पाठकको जिम्मा | खयर | गोलिया | A | ११८ | १२५४.१९ | १२५४१९०.०० | |
| | | | | | जम्मा : | ११८ | १२५४.१९ | १२५४१९०.०० | |
| लट नं.: ८२-२०८१/०८२ | | | | | | | | | |
| ५ | अत्रौली चोक देखि करिव १५० मिटर दक्षिण भारतीपुर जाने बाटो तर्फ बाटोको पुर्व तिरको जग्गामा वेवारिसी बरामद परेको | बुलिङ्टार गा.पा. वडा नं. ६ का वडा अध्यक्ष श्री मोहन राज पाठकको जिम्मा | खयर | गोलिया | A | १०४९ | ८२७.९३ | ८२७९३०.०० | |
| | | | | | जम्मा : | १०४९ | ८२७.९३ | ८२७९३०.०० | |
| लट नं.: ८३-२०८१/०८२ | | | | | | | | | |
| ६ | देवचुली न.पा. वडा नं. १७ मा फाराम चौतारा टोलको चौतारा देखि करिब १०० मिटर माथि बाटो छेउमा रहेको जोखिमयुक्त रुख व्यवस्थापनबाट उत्पादन भएको | डि.व.का., नवलपुर परिसर | खयर | गोलिया | A | २४ | १२४.५३ | १२४५३०.०० | |
| | ना.बु.स.यो.पूर्वी खण्डबाट हस्तान्तरण भई प्राप्त भएको | चक्ला वन | खयर | गोलिया | A | ३२५ | ५३४.०७ | ५३४०७०.०० | |
| | | | | | जम्मा : | ३४९ | ६५८.६० | ६५८६००.०० | |

२. यस सूचनाको सक्षिप्त सूचना प्रकाशित भएको मिति (सौर्य दैनिकमा प्रथम पटक प्रकाशित भएको मिति २०८२/०२/०३) देखि २१ औं दिनसम्म कार्यालय समय भित्र बोलपत्र फाराममा उल्लेख भएको मूल्य यस कार्यालयको कावासोती स्थित रा.वा.बैंकमा प्र.ले.नि.का.को नाममा रहेको खाता नं. १०००१००२०००१०००० (कार्यालय कोड ३०७०२४६०३४, शिर्षक नं. १४२२९) मा जम्मा गरेको बैंक भौचर कार्यालयमा निवेदन सहित पेश गरेपछि (पछि फिर्ता नहुने गरी) श्री वन निर्देशनालय, गण्डकी प्रदेश, पोखरा; श्री जिल्ला प्रशासन कार्यालय, नवलपरासी (ब.सु.पू) र यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ । बोलपत्र खरिद गर्नको लागि प्रोपाइटर आफै उपस्थित नभई प्रतिनिधि पठाएमा प्रोपाइटरको मन्जुरीनामा निवेदन साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । निवेदन साथ आवश्यक कागजातहरु (नेपाली नागरिकताको प्रमाणपत्र, फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर, कर चुक्ताको प्रमाणपत्रको प्रतिलीपी र उद्योग सूचिकरण भएको प्रमाणपत्र) अनिवार्य संलग्न हुनु पर्ने छ । नागरिकता बाहेकका कागजातहरु नियमानुसार नवीकरण भएको हुनु पर्ने छ ।



Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
वन, तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय नवलपुर
नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

पत्र संख्या : २०८१/०८२
चलानी नं.:

फोन नं. : ०७८-५४०१३५
Email : dfonawalpur@gmail.com

३. गण्डकी प्रदेश वन नियमावली, २०८१ को नियम ७२ को उपनियम (४) बमोजिम लिलाम बिक्री प्रक्रियाका लागि गोलिया काठको हकमा प्रचलित कानून बमोजिम डिभिजन वन कार्यालयमा सूचीकृत भएका वन पैदावारमा आधारित उद्योग संञ्चालन गर्न इजाजत प्राप्त गरी सञ्चालनमा रहेका उद्योगहरुले भाग लिन पाउनेछन् ।

४. बोलपत्र दाखिला सूचना प्रकाशित भएको मितिले २२ औं दिन दिनको ३.०० बजे भित्र गरिसक्नु पर्ने छ ।

५. बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ ।

६. बोलपत्रसाथ कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम यस कार्यालयको कावासोती स्थित रा.वा.बैंकमा रहेको धरौटि खाता नं. ३२००१००२०२०३०००० (कार्यालय कोड ३०७०२४६०३४) मा जम्मा गरेको बैंक भौचर वा यस कार्यालयको नाममा खिचिएको बैंक ड्राफ्ट वा कम्तिमा छ महिना अवधिको बैंक जमानत पत्र मध्ये कुनै एक समावेश हुनु पर्नेछ ।

७. लिलाम बढाबढ हुने वन पैदावार (गोलिया/टुनटुक्रा काठ) यस कार्यालयमा सम्पर्क राखी घाटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

८. दाखिला भएको बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुबैमा लेख्नु पर्दछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । बोलपत्रमा कालो मसि प्रयोग गरि लेख्नु पर्नेछ ।

९. शिलवन्दी बोलपत्रमा लाहाछाप लगाईएको हुनु पर्नेछ ।

१०. बोलपत्र खरिद गर्दा लट अनुसार बेग्ला बेग्लै खरीद गरी दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं. उल्लेख गरेको हुनु पर्ने छ । फोटोकपी गरी पेश गरेको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. श्री वन निर्देशनालय, पोखरा र जिल्ला प्रशासन कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा दर्ता भएका शिलवन्दी बोलपत्रहरु प्राप्त हुन आएपछि निर्धारण गरिएको न्यूनतम संख्या र रीतपूर्वक दर्ता भएका बोलपत्रहरु यस कार्यालयमा प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । बोलपत्र खोल्ने वारेको सूचना कार्यालयको सूचना पाटीमा टांस गरिनेछ ।

१२. लिलाम स्वीकृति भएको जानकारी कार्यालयको सूचना पाटीमा प्रकाशित गरिनेछ । सोको जानकारी लिने दायित्व बोलपत्रदाताको समेत रहने छ । बोलपत्र स्वीकृत भएको सूचना प्रकाशित भएको वा जानकारी प्राप्त भएको मितिले ४५ दिनभित्र सकार गरेको रकम, निर्धारित मू.अ.कर, अग्रिम आयकर र नियमानुसार लाग्ने संकलन खर्च (बोलपत्र फारममा उल्लेख भएको) बुझाई वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१३. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्वन्धित निकायमा सुरक्षित रहने छ ।

१४. यो सूचना बमोजिम बोलपत्र पेश गरिसकेपछि सुचनाका शर्त सम्वन्धमा आई पर्ने अन्य बिबादहरु स्वत अमान्य हुनेछन् ।

१५. सकारकर्ताले सकार रकम, संकलन खर्च र नियमानुसार लाग्ने मुल्य अभिबृद्धि कर तथा अग्रीम आय कर दाखिला गरिसके पछि कार्यालयवाट लिलाम गरिएको गोलिया काठको नियमानुसार बढीमा २१ दिन सम्मको म्याद दिई छोडपूर्जी दिन सकिने छ ।

१६. अन्य कुराको हकमा प्रचलित ऐन, नियम र वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ बमोजिम हुनेछ ।

१७. सूचना वमोजिम बोलपत्र पेश गरी सकेपछि सूचनाका शर्त सम्वन्धमा उठाईने कुनै विवाद स्वतः अमान्य हुनेछ ।



Scanned with CamScanner